# साप्ताहिक
## (बुधवार प्रकाशित हुने)


| | | |
|---|---|---|
| वर्ष २४ | २०६३ चैत २० गते | अंक ३३ |
| **YEAR 24** | **APRIL 3, 2007** | **NO. 33** |


**उम्मेदवारहरुलाई विशेष जानकारी**

लोक सेवा आयोगका दरखास्त फाराम र पाठ्यक्रम आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालयहरु र साझा प्रकाशनका शाखा, प्रशाखा मार्फत बिक्री वितरणको व्यवस्था गरिएको छ । यस आयोगबाट तयार भई प्रकाशित फाराम र पाठ्यक्रमहरु मात्र आधिकारिक हुन् .

# विषयसूची

पृष्ठ


१. **पद संख्या थप गरिएको सूचना** २

(क) स्वास्थ्य सेवा (कार्य क्षमता मूल्याङ्कन बढुवा) नवौं तह

२. **दरभाउपत्र आह्वान सम्बन्धी सूचना** २

(क) लेजर प्रिन्टर डुप्लेक्सको सिलबन्दी

सर्वाधिकार आयोगमा सुरक्षित
प्रकाशन - ५०० प्रति
जि.का.काठमाडौं द.नं. २६/०४०-४१
म.क्षे.हु.वि.द.नं. ५६/०४९-५०

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *तथ्यांक तथा प्रकाशन शाखा*

**सूचना नं. १८८/०६३-६४**

## पदसंख्या थप गरिएको सूचना

आयोगको मिति २०६३।११।३० गतेको बुलेटिन तथा गोरखापत्रमा प्रकाशित स्वास्थ्य सेवाको (कार्य क्षमता मूल्याङ्कन बढुवा) नवौं तहको साविक विज्ञापित पदसंख्यामा देहाय बमोजिम पदथपका लागि मागसंख्या प्राप्त भएकाले निम्न बमोजिम पदथप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बढुवा सू.नं. | विज्ञापन प्रकाशन गर्ने कार्यालय | पद, सेवा, समूह र तह | विज्ञापित पदसंख्या | थपपद संख्या | कूल कायम हुने संख्या |
|---|---|---|---|---|---|
| ३३/०६३-६४ | केन्द्रीय कार्यालय, कमलपोखरी | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्शन, नवौं | १ (एक) | २ (दुई) | ३ (तीन) |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, कमलपोखरी

## प्रशासन तथा निरीक्षण शाखा

## *लेजर प्रिन्टर डुप्लेक्सको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना*

**सूचना नं. १८४/०६३-६४**

(गोरखापत्रमा प्रकाशित मिति २०६३।१२।२१ गते)

यस आयोगको लागि आवश्यक लेजर प्रिन्टर डुप्लेक्स (ब्रान्डेड) १ थान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने हुँदा ख्याती प्राप्त कम्पनी वा निर्माता कम्पनीको अधिकृत प्रतिनिधि बिक्रेताहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस आयोगमा देहाय बमोजिम रित पुऱ्याइएको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। रीत नपुगेको तथा म्याद नाघि प्राप्त भएको सिलबन्दी दरभाउपत्र उपर कारबाही हुने छैन। उल्लेखित संख्यामा थप घट पनि हुन सक्नेछ।

### तपसिल

१. रु. ३००।- (फिर्ता नहुने) तिरी यस आयोगबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र खरिद गर्न आयकर दर्ता प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।
२. सिलबन्दी दरभाउपत्र बिक्री भैसकेपछि फिर्ता गरिने छैन।
३. गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस आयोगमा सिलबन्दी दरभाउपत्र दर्ता गराइ सक्नु पर्नेछ।
४. दिन चाहेको दररेट अक्षर र अंकमा लेख्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।
५. सिलबन्दी दरभाउपत्र आयोगको केन्द्रीय कार्यालयमा नै दर्ता गराउनु पर्ने छ।
६. यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस आयोगमा पर्न आएका सिलबन्दी दरभाउपत्रहरु त्यस दिनको भोलिपल्ट १२.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
७. सिलबन्दी दरभाउपत्र केन्द्रीय कार्यालयमा खोलिनेछ। सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम वा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै पछि कार्यालय खुल्ने दिनमा उक्त कार्य गरिनेछ।
८. जमानत बापत दरभाउपत्रसाथ बोल अंकको २.५% ले हुने रकम नेपाल राष्ट्र बैंकस्थित धरौटी खाता नं. १३१४४६/०६३ मा जम्मा गरेको भौचर वा बैंक ग्यारेन्टी संलग्न गर्नुपर्ने छ र धरौटी बापतको नगद राखेमा मान्यता हुने छैन। दरभाउपत्र स्वीकृत भैसकेपछि स्वीकृत दरभाउपत्रदाताले ठेक अंकको ५% पुऱ्याउन नपुग थप धरौटी रकम जम्मा गर्नु पर्नेछ।
९. रीत नपुगेको वा म्याद नाघि आएको दरभाउपत्र माथि कारबाही गरिने छैन।
१० दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ।
११ दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा प्रशासन तथा निरीक्षण शाखामा बुझ्न सकिने छ।